नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

## निर्णयहरु

१. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, आयोजना कार्यान्वयन निर्देशनालय तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेडको पुनर्संरचना सम्बन्धमा मन्त्रालयले प्रस्तुती गरेको कार्यपत्र मन्त्रालयको Website राखी सोमार्फत सम्बन्धित सरोकारवालाहरूबाट आवश्यक राय सुझाव संकलन गर्ने ।

२. सुख्खायाम शुरू भई खानेपानीको समस्या विकराल रूपमा सिर्जना भईसकेको हुँदा आवश्यक मर्मत कार्य सम्पन्न गरी विद्यमान संरचनाबाट मेलम्चीको पानी तत्काल काठमाडौं पथान्तरण गर्ने ।

३. काठमाडौ उपत्यका भित्र रहेका खानेपानीको सम्भावित स्रोतहरुको पहिचान, संरक्षण, सुधार एवं प्रयोग सम्बन्धी विषयको अध्ययनका लागि सम्बन्धित स्थानिय तह तथा एक वा सोभन्दा बढी विभिन्न स्थानिय तहहरूको एकिकृत रूपमा सहभागिता हुने गरी अध्ययन टोली गठन गर्ने।

४. जलवायू परिवर्तन लगायतका कारणले सिर्जित प्राकृतिक विपदबाट एउटै श्रोतमा मात्र भर पर्न नसकिने अवस्था भएकोले मेलम्ची बाहेक अन्य वैकल्पिक खानेपानीका श्रोतहरू (सिस्नेरी, ठोस्ने, कुलेखानी लगायत) को अध्ययन शिघ्र सम्पन्न गरी आयोजना कार्यान्वयनका निम्ति आवश्यक वित्तिय श्रोतको व्यवस्थापनका लागि खानेपानी मन्त्रालयले पहल गर्ने ।

५. मेलम्ची खानेपानी आयोजना दिगो रुपमा सञ्चालन गर्नका लागि एसियाली विकास बैंकको सहयोगमा सम्पन्न अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका Short Term, Mid Term तथा Long Term सम्बन्धी विकल्पहरूको Expertise View का निम्ति इन्जिनियरिङ अध्ययन संस्थान (Institute of Engineering) बाट एक महिनाभित्र आवश्यक पुनरावलोकन गराई मन्त्रालयले आवश्यक निर्णय गर्ने ।

६. मेलम्ची खानेपानी आयोजनाबाट प्रभावित स्थानियको समस्या समाधानको लागि आवश्यक कार्यक्रमहरू सबै तहहरूले समावेश गर्ने तथा यस सम्बन्धमा काठमाडौं उपत्यकाभित्रका निर्वाचित प्रतिनिधिसभा सदस्यहरूले सरोकार निकायहरूको यथास्थानबाट ध्यानाकर्षण गर्ने ।

२०७५/८/२०

मा. महिन्द्र राय यादव
मन्त्री